18th of May 2026 (Monday)

यो आकाशवाणी हो

समाचार कृष्ण कौशिकबाट सुन्नुहोस (intro)

मुख्य समाचार

- लखीमपुर खीरी सडक दुर्घटनाप्रति राष्ट्रपति, उपराष्ट्रपति र प्रधानमन्त्रीद्वारा दुःख व्यक्त।।
- प्रधानमन्त्री नरेन्द्र मोदीद्वारा नर्वेका प्रधानमन्त्री जोनास गाहर स्टोरसँग द्विपक्षीय भेटवार्ता।।
- गृहमन्त्री अमित शाहद्वारा 'डायल ११२' आपतकालीन सेवा सवारी शुभारम्भ।।
- रक्षामन्त्री राजनाथ सिंह भियतनाम र दक्षिण कोरियाको भ्रमणमा ।।
- पश्चिम बंगालमा सातौँ वेतन आयोग गठनको सिद्धान्ततः स्वीकृति ।।

लखीमपुर खीरी सडक दुर्घटना

राष्ट्रपति द्रौपदी मुर्मू, उपराष्ट्रपति सी पी राधाकृष्णन तथा प्रधानमन्त्री नरेन्द्र मोदीले उत्तर प्रदेशको लखीमपुर खीरीमा भएको सडक दुर्घटनाप्रति गहिरो दुःख व्यक्त गर्नुभएको छ।

राष्ट्रपति मुर्मूले दुर्घटनामा ज्यान गुमाएकाप्रति श्रद्धाञ्जली व्यक्त गर्दै घाइतेहरूको शीघ्र स्वास्थ्य लाभको कामना गर्नुभएको छ। उपराष्ट्रपतिले पनि शोक व्यक्त गर्दै घाइतेहरूको स्वास्थ्य लाभको प्रार्थना गर्नुभएको छ।

प्रधानमन्त्री मोदीले प्रधानमन्त्री राष्ट्रिय राहत कोषबाट मृतकका परिवारलाई दुई–दुई लाख रुपैयाँ तथा घाइतेलाई ५० हजार रुपैयाँ राहत दिने घोषणा गर्नुभएको छ।

प्रधानमन्त्री Narendra Modi

प्रधानमन्त्री Narendra Modi ले आज ओस्लोमा नर्वेका प्रधानमन्त्री Jonas Gahr Store सँग द्विपक्षीय भेटवार्ता गर्नुभएको छ।

बहुराष्ट्रिय भ्रमणका क्रममा नर्वे पुग्नुभएका प्रधानमन्त्री मोदीलाई त्यहाँ भारतीय समुदायले स्वागत गरेका थिए। यो उहाँको नर्वेको पहिलो भ्रमण हो भने भारतबाट ४३ वर्षपछि भएको पहिलो प्रधानमन्त्रीस्तरीय भ्रमण पनि हो।

भ्रमणका क्रममा प्रधानमन्त्री मोदीले नर्वेका राजा Harald fifth र रानी Sonja सँग भेट गर्नुका साथै भारत–नर्वे व्यापार तथा अनुसन्धान सम्मेलनलाई सम्बोधन गर्ने कार्यक्रम रहेको छ।

भ्रमणमा स्वच्छ प्रविधि, हरित ऊर्जा, व्यापार, लगानी तथा समुद्री अर्थतन्त्रजस्ता विषयमा विशेष छलफल हुने बताइएको छ।

उहाँले थप भन्नुभयो BYTESS

## गृहमन्त्री Amit Shah

केन्द्रीय गृहमन्त्री Amit Shah ले आज रायपुरमा अत्याधुनिक 'डायल ११२' आपतकालीन सेवा सवारी तथा फरेन्सिक मोबाइल भ्यानहरूको शुभारम्भ गर्नुभएको छ।

यसअघि छत्तीसगढका १६ जिल्लामा मात्र उपलब्ध सेवा अब सबै ३३ जिल्लामा विस्तार गरिएको छ। सेवामा कृत्रिम बुद्धिमत्तामा आधारित लोकेशन ट्र्याकिङ प्रविधि पनि जोडिएको छ, जसले आपतकालीन अवस्थामा रहेका व्यक्तिको स्थान पहिचान गर्न सहयोग गर्नेछ।

महिलाको सुरक्षालाई प्राथमिकता दिँदै प्यानिक बटनसहित विशेष निगरानी सुविधा पनि थपिएको छ। राज्यभर सञ्चालनका लागि ४ सय आपतकालीन सवारी, ३३ निगरानी सवारी र ६० राजमार्ग गस्ती सवारी आज परिचालन गरिएको छ।

## रक्षामन्त्री Rajnath Singh

रक्षामन्त्री Rajnath Singh आज दुई देशीय भ्रमणका लागि भियतनाम र दक्षिण कोरिया प्रस्थान गर्नुभएको छ।

भ्रमणका क्रममा उहाँले रक्षा सहकार्य, समुद्री सुरक्षा तथा इन्डो–प्यासिफिक क्षेत्रमा शान्ति र स्थायित्वका विषयमा छलफल गर्नुहुनेछ।

भियतनाममा उहाँले त्यहाँका रक्षामन्त्री Phan Van Giang सँग भेटवार्ता गर्नुहुनेछ भने दक्षिण कोरियामा रक्षामन्त्री Ahn Gyu-back सँग द्विपक्षीय वार्ता गर्ने कार्यक्रम रहेको छ।

## West Bengal मन्त्रिपरिषद

West Bengal मन्त्रिपरिषद्ले राज्य सरकारी कर्मचारीका लागि सातौँ वेतन आयोग गठन गर्न सिद्धान्ततः स्वीकृति दिएको छ। मुख्यमन्त्री Suvendu Adhikari को अध्यक्षतामा नवान्नमा बसेको मन्त्रिपरिषद् बैठकले उक्त निर्णय गरेको हो।

बैठकपछि मन्त्री Agnimitra Paul ले जुन १ देखि केही प्रत्यक्ष लाभ हस्तान्तरण योजना बन्द गरिने तर छात्रवृत्ति योजना भने जारी रहने जानकारी दिनुभयो।

राज्य सरकारले महिलाका लागि निःशुल्क यातायात सुविधा र 'अन्नपूर्णा भण्डार योजना' पनि घोषणा गरेको छ। यस योजनाअन्तर्गत योग्य महिलालाई प्रत्यक्ष लाभ हस्तान्तरणमार्फत तीन हजार रुपैयाँ प्रदान गरिनेछ।

## पेट्रोलियम तथा प्राकृतिक ग्यास मन्त्रालय

सरकारले पश्चिम एशियामा जारी संकटका बीच पनि भारतमा पेट्रोल, डिजेल, एलपीजी र प्राकृतिक ग्यासको पर्याप्त रहेको जनाएको छ। पेट्रोलियम तथा प्राकृतिक ग्यास मन्त्रालयकी संयुक्त सचिव Sujata Sharma ले देशभर रिफाइनरीहरू सामान्य रूपमा सञ्चालन भइरहेको बताउनुभयो।

उहाँले अफवाहका कारण केही स्थानमा एलपीजीको अत्यधिक खरिद देखिए पनि कुनै पनि वितरण केन्द्रमा ग्यास अभाव नभएको स्पष्ट पार्नुभयो। पछिल्ला चार दिनमा देशभर एक लाख ७२ हजार घरेलु ग्यास सिलिन्डर वितरण गरिएको जानकारी पनि उहाँले दिनुभयो।

यसैबीच रसायन तथा मल मन्त्रालयकी संयुक्त सचिव Aparna Sharma ले खरीफ सिजनका लागि आवश्यक मलको ५० प्रतिशतभन्दा बढी उपलब्ध रहेको बताउनुभयो।

विदेश मन्त्रालयका अतिरिक्त सचिव Aseem Mahajan ले इरानबाट दुई हजार ५ सय ५१ भारतीय नागरिकलाई सुरक्षित रूपमा बाहिर निकालिएको जानकारी दिनुभयो।

समाचार आकाशवाणीबाट सुन्दै हुनुहुन्छ

## वाणिज्य तथा उद्योगमन्त्री पीयूष गोयल

वाणिज्य तथा उद्योगमन्त्री पीयूष गोयलले विश्वव्यापी चुनौती र अनिश्चितताबीच पनि भारत तीव्र गतिमा अघि बढिरहेको बताउनुभएको छ।

आज नयाँ दिल्लीमा 'भारत व्यापार महोत्सव'को वेबसाइट शुभारम्भ गर्दै उहाँले 'विकसित भारत २०४७' को लक्ष्य हासिल गर्न भारतलाई कुनै शक्तिले रोक्न नसक्ने बताउनुभयो।

उहाँले भारतको अर्थतन्त्र र निर्यात दुवै बढिरहेको उल्लेख गर्दै यस वर्ष निर्यात करिब ८६३ अर्ब डलर पुगेको जानकारी दिनुभयो। साथै, चालु आर्थिक वर्षमा एक ट्रिलियन डलर निर्यात गर्ने लक्ष्य रहेको पनि बताउनुभयो।
मन्त्री गोयलले 'भारत व्यापार महोत्सव'को उद्देश्य स्वदेशी व्यापार प्रवर्द्धन गर्नु रहेको उल्लेख गर्नुभयो।

उहाँले थप भन्नुभयो BYTESS

मन्त्री जगत प्रकाश नड्डा

केन्द्रीय स्वास्थ्य तथा परिवार कल्याण मन्त्री जगत प्रकाश नड्डाले स्विट्जरल्यान्डको जेनेभामा आयोजित ७९औँ विश्व स्वास्थ्य सभाका क्रममा विश्व स्वास्थ्य संगठनका महानिर्देशक डा. टेड्रोस अधानोम घेब्रेयससँग भेटवार्ता गर्नुभएको छ।
भेटमा मन्त्री नड्डाले आयुष्मान भारत डिजिटल अभियान, आयुष्मान आरोग्य मन्दिर, परम्परागत चिकित्सा, कृत्रिम बुद्धिमत्तामा आधारित जनस्वास्थ्य सेवा तथा क्षयरोग उन्मूलन अभियानबारे जानकारी दिनुभएको थियो।
विश्व स्वास्थ्य संगठनका महानिर्देशकले भारतको स्वास्थ्य क्षेत्रमा भएको सुधार तथा विश्व स्वास्थ्य सहकार्यमा भारतको भूमिकाको प्रशंसा गर्नुभएको छ।

भारत ब्रिक्स

भारतको ब्रिक्स अध्यक्षताअन्तर्गत कानुन तथा न्याय मन्त्रालयले भोलिदेखि गुजरातको गान्धीनगरमा दुई दिने ब्रिक्स वरिष्ठ अधिकारीहरूको बैठक आयोजना गर्ने भएको छ।

बैठकमा ब्राजिल, रूस, भारत, चीन र दक्षिण अफ्रिकाका अधिकारीहरूले वैकल्पिक विवाद समाधान प्रणालीसम्बन्धी विषयमा छलफल गर्नेछन्। छलफलमा मध्यस्थता सुधार, संस्थागत समाधान तथा छिटो र सुलभ न्याय सेवाका विषय समावेश रहने जनाइएको छ।
यसपछि मे २१ देखि ब्रिक्स न्यायमन्त्रीहरूको बैठक पनि आयोजना हुनेछ।

भारतीय जनता पार्टी

भारतीय जनता पार्टीले प्रधानमन्त्री नरेन्द्र मोदीलाई स्वीडेनको सरकार प्रमुखलाई प्रदान गरिने सर्वोच्च सम्मान 'रॉयल अर्डर अफ द पोलार स्टार' प्रदान गरिएको विषयलाई प्रत्येक भारतीयका लागि गौरवको विषय भएको जनाएको छ।
पार्टी प्रवक्ता सुधांशु त्रिवेदीले यो प्रधानमन्त्री मोदीले प्राप्त गरेको ३१औँ अन्तर्राष्ट्रिय सम्मान भएको बताउनुभयो।
उहाँले यो सम्मान केवल प्रधानमन्त्री मोदीको व्यक्तिगत सम्मान नभई १४० करोड भारतीयको क्षमता र उत्कृष्टताको विश्वव्यापी मान्यता भएको उल्लेख गर्नुभयो।

<u>जल शक्ति मन्त्रालय</u>

भारत सरकारको जल शक्ति मन्त्रालय र West Bengal सरकारबीच आज जल जीवन मिशन कार्यान्वयनका लागि समझदारी पत्रमा हस्ताक्षर भएको छ।
भर्चुअल कार्यक्रममा पश्चिम बंगालका मुख्यमन्त्री Suvendu Adhikari र केन्द्रीय जल शक्तिमन्त्री C. R. Patil सहभागी हुनुभएको थियो।
सम्झौताअन्तर्गत प्रत्येक घरमा धारामार्फत खानेपानी सुविधा उपलब्ध गराइनेछ। साथै आंगनवाडी केन्द्र र प्राथमिक विद्यालयमा पनि पाइपमार्फत खानेपानी जडान गरिने बताइएको छ।

<u>वी. डी. सतीशनलाई केरल</u>

प्रधानमन्त्री नरेन्द्र मोदीले वी. डी. सतीशनलाई केरलको मुख्यमन्त्री पदको शपथ ग्रहण गरेकोमा बधाई दिनुभएको छ।
सामाजिक सञ्जालमार्फत प्रधानमन्त्री मोदीले केरलका जनताको आकांक्षा पूरा गर्न केन्द्र सरकारले नयाँ राज्य सरकारलाई हरसम्भव सहयोग गर्ने विश्वास व्यक्त गर्नुभएको छ।

<u>विश्व बजारमा आज कच्चा तेल</u>

विश्व बजारमा आज कच्चा तेलको मूल्य बढेको छ। ब्रेन्ट क्रुडको मूल्य १ दशमलव २ प्रतिशतले बढेर प्रति ब्यारेल ११० दशमलव ५७ अमेरिकी डलर पुगेको छ।
त्यस्तै, वेस्ट टेक्सास इन्टरमिडियट क्रुडको मूल्य पनि १ दशमलव २ प्रतिशतभन्दा बढीले बढेर प्रति ब्यारेल १०६ दशमलव ७३ अमेरिकी डलर पुगेको छ।

इन्डियन प्रिमियर लिग

आईपीएल क्रिकेटमा अहिले चेन्नईस्थित M.A. Chidambaram Stadium मा Chennai Super Kings र Sunrisers Hyderabad को खेल शुरु भएको छ।

हिजो Delhi Capitals ले Rajasthan Royals लाई पाँच विकेटले पराजित गर्दै प्लेअफ सम्भावना कायम राखेको थियो।

त्यस्तै, Royal Challengers Bengaluru ले Punjab Kings लाई २३ रनले हराउँदै प्लेअफमा स्थान बनाउने पहिलो टोली बनेको छ।

अन्त्यमा मुख्य समाचार फेरि एकपल्ट

- लखीमपुर खीरी सडक दुर्घटनाप्रति राष्ट्रपति, उपराष्ट्रपति र प्रधानमन्त्रीद्वारा दुःख व्यक्त।।
- प्रधानमन्त्री नरेन्द्र मोदीद्वारा नर्वेका प्रधानमन्त्री जोनास गाहर स्टोरसँग द्विपक्षीय भेटवार्ता।।
- गृहमन्त्री अमित शाहद्वारा 'डायल ११२' आपतकालीन सेवा सवारी शुभारम्भ।।
- रक्षामन्त्री राजनाथ सिंह भियतनाम र दक्षिण कोरियाको भ्रमणमा ।।
- पश्चिम बंगालमा सातौँ वेतन आयोग गठनको सिद्धान्ततः स्वीकृति ।।